# लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

समय :- २ घण्टा ३० मिनेट  २०७८।१।०३।१४५  पूर्णाङ्क :- १००

पत्र :- द्वितीय ।
विषय :- समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन ।
(Contemporary Studies and Public Service Management)

निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड (Section) – A

अङ्क – 35

निम्न प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

1. नेपालको मधेश प्रदेशका प्रमुख विशेषताहरु उल्लेख गर्दै सो प्रदेशका बासिन्दाहरुको आर्थिक अवस्था सुदृढ गर्न अपनाउनुपर्ने उपायहरु उल्लेख गर्नुहोस् । [2.5+2.5=5]
   Mention the main features of Madhesh Province. Also mention the remedies that must be done to strengthen the economic condition of the people of this province.
2. नेपालमा सामुदायिक वनको अवधारणाले वन संरक्षणमा पुर्‍याएको योगदानबारे चर्चा गर्नुहोस् । [5]
   Discuss the contribution of community forest concept to conservation of forest in Nepal.
3. नेपाली लोक संस्कृतिका सबल र दुर्बल पक्षहरुमाथि प्रकाश पार्नुहोस्? [2.5+2.5=5]
   Highlight the strengths and weaknesses of Nepali folk culture?
4. चालु पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले गरिबी निवारणका सम्बन्धमा लिएका रणनीतिहरु उल्लेख गर्नुहोस् । [5]
   Mention the strategies for poverty alleviation adopted in the current fifteenth plan (2076/77-2080/81).
5. जनसांख्यिक लाभ भन्नाले के बुझिन्छ? देश विकासमा यसको के भूमिका रहेको छ? लेख्नुहोस् । [2.5+2.5=5]
   What do you mean by population dividend? State the role of its for the development of the country.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)

6. सामाजिक सुरक्षाको अवधारणा स्पष्ट पार्नुहोस् । सामाजिक सुरक्षा सम्बन्धमा नेपालको संविधानमा गरिएका प्रमुख प्रावधानहरुको संक्षिप्त चर्चा गर्नुहोस् । [3+7=10]
   Clarify the concept of social security. Briefly discuss the provisions of social security in the Constitution of Nepal.

## खण्ड (Section) – B

अङ्क – 35

निम्न प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

7. नेपालको संविधानका मूलभूत विशेषताहरु उल्लेख गर्नुहोस् । [5]
   Mention the fundamental characteristics of the Constitution of Nepal.
8. लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक समाजको महत्व उल्लेख गर्नुहोस् । [5]
   Mention the importance of civil society in a democratic system of governance.

क्रमशः

# लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

समय :- २ घण्टा ३० मिनेट    २०७९।०३।१८    पूर्णाङ्क :- १००

पत्र :- तृतीय ।
विषय :- सेवा-समूह सम्बन्धी ।
(Service-Group related subject)

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड (Section) – A

अंक - 35

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

1. वाणिज्य बैंकले गर्ने मुख्य कार्यहरू के के हुन्? लेख्नुहोस् । [5]
   What are the major functions of Commercial Bank?
2. आर्थिक वर्ष २०७७/७८ मा नेपालको वस्तु आयात तथा निर्यातको अवस्थाको संक्षिप्त चर्चा गर्नुहोस् । [5]
   Briefly discuss the Nepal's Status of import and export of goods in Nepal for fiscal year 2077/78.
3. वैदेशिक सहायता परिचालन प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् । [5]
   Explain the measures for the effective foreign aid mobilization.
4. नेपालको अर्थतन्त्रका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । [5]
   Explain the major features of Nepalese economy.
5. कर भनेको के हो? प्रत्यक्ष करका गुणहरू लेख्नुहोस् । [2+3=5]
   What is tax? Explain the merits of direct tax.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

6. वित्त नीति र मौद्रिक नीतिको उद्देश्य उल्लेख गर्नुहोस् । साथै वित्त नीति र मौद्रिक नीतिको अन्तरसम्बन्धका बारे प्रकाश पार्नुहोस् । [5+5=10]
   Explain the objectives of fiscal policy and monetary policy. Also describe the interrelationship between fiscal policy and monetary policy.

## खण्ड (Section) – B

अंक - 35

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

7. वर्तमान नेपालको संविधान अनुसार संघीय सञ्चित कोषको उल्लेख गर्दै संघीय सञ्चित कोषमाथि व्ययभार हुने खर्चहरू बारे चर्चा गर्नुहोस् । [5]
   Describe the Federal Consolidated Fund according to existing Constitution of Nepal and also discuss the expenditures chargeable on Federal Consolidated Fund.
8. भन्सार जाँचपासमा निलो मार्गमा आधारित जाँचपास प्रक्रिया भन्नाले के हो? उक्त मार्गबाट जाँचपास गरिएका मालवस्तुको मूल्याङ्कन र वर्गीकरणको शुद्धताको परीक्षण कुन विधिबाट हुन्छ? लेख्नुहोस् । [2.5+2.5=5]
   What do you mean by Blue Channel in customs clearance process? What is the method to examine the accuracy of valuation and classification of the goods cleared under this channel?

9. कानुनी शासनको अवधारणामाथि प्रकाश पार्दै यसका विशेषताहरू उल्लेख गर्नुहोस् । [2+3=5]
Highlight the concept of "Rule of law" and list out it's significant features.

10. सार्वजनिक सेवा प्रवाहलाई सदाचारयुक्त बनाउन गर्नुपर्ने सुधारका उपायहरू प्रस्तुत गर्नुहोस् । [5]
Recommend measures to maintain integrity in public service delivery.

11. विद्युतीय शासनले सुशासन कायम गर्न कसरी मद्दत पुऱ्याउँछ? लेख्नुहोस् । [5]
How does E-governance support to maintain Good Governance?

<u>निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)</u>

12. नेपालको संघीय प्रणालीको प्रमुख विशेषताहरू उल्लेख गर्दै संघीय प्रणाली कार्यान्वयनका समस्याहरू र सुधारका उपायहरू उल्लेख गर्नुहोस् । [4+3+3=10]
Mention the major characteristics of federal system of Nepal and suggest the problems and reform of implementation.

## खण्ड (Section) – C                                  अंक – 30

<u>निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)</u>

13. अभिलेख व्यवस्थापनको उद्देश्य र यसमा सूचना प्रविधिको महत्त्वबारे उल्लेख गर्नुहोस् । [2+3=5]
Mention the objectives of records management and the importance of information technology in records management.

14. व्यवस्थापकीय सूचना व्यवस्थापन प्रणाली (MIS) को आवश्यकता र महत्त्व प्रकाश पार्नुहोस् । [5]
Explain the need and importance of Management Information System.

15. तल दिइएका विषयमा छोटो टिप्पणी लेख्नुहोस् । [2.5+2.5=5]
Write short note on the subjects given below.
क) राजस्व श्रेस्ता प्रणाली (Revenue Ledger (Shresta) System)
ख) अन्तःशुल्क (Excise Duty)

16. मानव संसाधन व्यवस्थापनका अवयवहरूबारे प्रकाश पार्नुहोस् । [5]
Describe the components of human resource management.

<u>निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)</u>

17. वृत्ति विकास भन्नाले के बुझिन्छ? निजामती सेवा ऐन तथा नियमावलीमा वृत्ति विकास सम्बन्धी भएका व्यवस्था उल्लेख गर्नुहोस् । [3+7=10]
What do you mean by career development? Highlight the major provisions made in civil service Act and Regulation considering the employee's career development in Nepal.

❀ समाप्त ❀

# लोक सेवा आयोग

**अप्राविधिक तर्फका नेपाल प्रशासन सेवा/नेपाल संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

समय :- २ घण्टा ३० मिनेट | पूर्णाङ्क :- १००

पत्र :- तृतीय ।
विषय :- सेवा-समूह सम्बन्धी ।
(Service-Group related subject)

*निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## खण्ड (Section) – A

अंक - 35

निम्न प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

1. कार्यालयले पत्राचार गर्दा कुन-कुन कुरामा ध्यान दिनुपर्छ? उल्लेख गर्नुहोस् । [5]
What should the office pay attention to when corresponding? Mention

2. प्रस्ताव लेखनका मुख्य-मुख्य तत्वहरू उल्लेख गर्नुहोस् । [5]
Describe the main components of proposal writing.

3. जनसम्पर्कको उद्देश्य लेख्दै जनविचार जान्नको लागि के-कस्ता साधनहरू प्रयोग गरिन्छ? लेख्नुहोस् । [5]
Write the objectives of the public relations and describe the means to know the public opinions?

4. संगठनात्मक संस्कृतिले संगठनको कार्यसम्पादनमा कस्तो असर पार्दछ? उल्लेख गर्नुहोस् । [5]
What effect does organizational culture have on the performance of an organization? Mention.

5. अधिकार प्रत्यायोजन भनेको के हो? यसको महत्वबारे प्रकाश पार्नुहोस् । [5]
What do you mean by delegation of authority? Highlight its importance.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

6. कार्यालय निरीक्षण र अनुगमनको वर्तमान अवस्थाको संक्षिप्त चर्चा गर्दै नेपालमा कार्यालय निरीक्षण र अनुगमनका सम्बन्धमा भएका कानूनी व्यवस्थाको बारेमा चर्चा गर्नुहोस् । [4+6=10]
Briefly discuss about current status of office inspection and monitoring and also discuss the legal provisions regarding the office inspection and monitoring in Nepal.

## खण्ड (Section) – B

अंक - 35

निम्न प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

7. नेपालमा निजामती कर्मचारीहरूको अन्तर-संगठन सरुवा व्यवस्थापनमा रहेका समस्याहरूलाई समाधान गर्न सुझाव प्रस्तुत गर्नुहोस् । [5]
Recommend the measures to address the issues in the management of inter-organizational transfer of civil servants in Nepal.

8. समूह गतिशीलताको अवधारणा उल्लेख गर्नुहोस् । यसले संगठनको कार्यसम्पादनलाई कसरी असर गर्दछ? [2+3=5]
Mention the concept of group dynamics. How it affects in performance of organization?

9. निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू लेख्नुहोस् । [5]
Describe the code of conducts to be oboyed by civil servant.

10. सार्वजनिक प्रशासनका मुख्य-मुख्य कार्यहरू उल्लेख गर्नुहोस् । [5]
Mention the major functions of public administration.

11. महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८ बमोजिम लेखापरीक्षणको अवस्था दर्शाउनुहोस् । [5]
Describe the status of audit according to 58th annual report, 2078 of Auditor General.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

12. उत्प्रेरणाका सिद्धान्तहरू उल्लेख गर्नुहोस् । नेपालको सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई उत्प्रेरित गर्न के गर्नुपर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । [5+5=10]
Explain the theories (Principles) of motivation. What we have to do to motivate the employees in public organization of Nepal? Give suggestions.

## खण्ड (Section) – C

अंक - 30

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

13. नेपालमा सुशासन कायम गर्न देखापरेका समस्याहरू औंल्याउनुहोस् । [5]
Describe the problems to maintain good governance in Nepal.

14. नेपालमा स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रियाबारे चर्चा गर्नुहोस् । [5]
Describe the process of annual budgeting and planning for local level in Nepal.

15. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा बजेट तथा कार्यक्रमको सिद्धान्त तथा प्राथमिकताका सम्बन्धमा रहेको प्रावधानको व्याख्या गर्नुहोस् । [5]
Explain the provision of principles and priorities of budget and programes in the financial procedures and fiscal accountability Act, 2076.

16. सूचनाको हक सम्बन्धी ऐन बमोजिम सार्वजनिक निकायले सूचना प्रवाह गर्नु नपर्ने विषयहरू के-के हुन्? उल्लेख गर्नुहोस् । [5]
What types of information are not required to disseminate according to Information Act.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

17. सम्पत्ति शुद्धिकरण भन्नाले के बुझ्नुहुन्छ? नेपालमा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको अवस्थाबारेमा छोटकरीमा लेख्नुहोस् । [3+4+3=10]
Define money laundering. Briefly describe about the legal arrangement and implementation of anti-money laundering in Nepal.

❀ समाप्त ❀

9. अन्तःशुल्क ऐन, २०५८ अनुसार "कारखाना मूल्य" भन्नाले के हो? उदाहरणसहित स्पष्ट पार्नुहोस् । [3+2=5]
What do you mean by "Ex-factory price" according to 'Excise Act, 2058? Elaborate with examples.

10. आयकर ऐन, २०५८ अनुसार निर्धारणयोग्य आय भन्नाले के बुझ्नु हुन्छ? स्पष्ट पार्नुहोस् । [5]
What do you mean by assessable income according to Income Tax Act, 2058?

11. मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार कर अधिकृतले दर्ता खारेजी गर्न सक्ने अवस्थाहरू कुन-कुन हुन्? [5]
In what cases can the tax officer deregister the firm according to the Value Added Tax Act, 2052?

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

12. वित्तीय हस्तान्तरणका विधिहरू उल्लेख गर्दै सशर्त र समपूरक अनुदानका बारेमा लेख्नुहोस् । [5+5=10]
Illustrate the methods of fiscal transfer and also explain the conditional and supplementary grants.

## खण्ड (Section) - C

अंक - 30

निम्न प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

13. भन्सार महसुल र वैदेशिक व्यापारबीचको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् । [5]
Explain the interrelationship (Linkage) between custom duty and foreign trade.

14. भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/०७९-२०८२/८३) को कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित प्रतिफलको चर्चा गर्नुहोस् । [5]
Discribe the expected output after the implementation of customs reform and modernization plan (2078/079-2082/083).

15. अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको प्रमुख कामहरू उल्लेख गर्नुहोस् । [5]
Explain main functions of International Economic Cooperation Coordination Division of Ministry of Finance.

16. करदाता शिक्षालाई प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् । [5]
Write down the measures to tax payer education effective.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

17. नेपालमा रहेका सार्वजनिक संस्थानको समग्र वित्तीय अवस्थाको जानकारी गराउँदै संस्थानको कार्यकुशलता वृद्धि हुन नसक्नुको कारण पहिचान गर्नुहोस् । साथै, सार्वजनिक संस्थानको औचित्य र आवश्यकताका सम्बन्धमा आफ्नो धारणा राख्नुहोस् । [3+4+3=10]
Describe the existing financial status of state owned enterprises of Nepal. What are the reason for the lack of efficiency of Nepalese State Owned Enterprises? Also give your views regarding the necessity and rationality of those enterprises in Nepal.

❀ समाप्त ❀

8. वारेसनामा र सकारनामाको प्रयोजन र तिनीहरुका बीचको अन्तरसम्बन्धका बारेमा उल्लेख गर्नुहोस् । [5]
Describe about purpose of power of attorney and deed of acceptance and their interrelationship.

9. पुनरावेदन र मुद्दा दोहोऱ्याई पाउने निवेदन बीचको भिन्नता दर्शाउनुहोस् । [5]
Write down the difference between an appeal and an application for the revision.

10. फरक मुद्दाको फरक व्यवस्थापन पद्धति भन्नाले के बुझ्नुहुन्छ? त्यस्तो पद्धति अवलम्बन गर्दा न्याय सम्पादनमा पर्ने सकारात्मक असरहरुका बारेमा चर्चा गर्नुहोस् । [2+3=5]
What do you mean by differentiated case management for different cases? And mention the positive impact on the administration of justice while adopting such system.

11. अदालतमा सूचना प्रविधिको प्रयोगको महत्व बारेमा प्रकाश पार्नुहोस् । [5]
Highlight the importance of the use of Information Technology in the Court.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

12. साक्षीको बकपत्र भन्नाले के बुझ्नुहुन्छ? मुद्दामा साक्षीको बकपत्र गराउने कार्यविधि उल्लेख गर्नुहोस् । [2+8=10]
What do you mean by statement of witness? Mention the procedure of taking the statement of witnesses in cases.

## खण्ड (Section) – C

अंक = 30

निम्न प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

13. नेपालको संविधानमा उल्लिखित मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्थाको जानकारी दिनुहोस् । [5]
Describe the provision of Chief Attorney as per the Constitution of Nepal.

14. अदालतबाट मुद्दा फैसला भए पश्चात् सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा सविस्तार वर्णन गर्नुहोस् । [5]
Explain in detail the role to be played by the Government Attorney after the decision made by a court in a lawsuit.

15. थुनछेक भनेको के हो? थुनछेक सम्बन्धमा नेपाल कानूनमा भएका प्रावधानहरु संक्षेपमा उल्लेख गर्नुहोस् । [2+3=5]
What do you mean by bail and remand? Briefly mention the legal provisions relating to bail and remand in Nepal.

16. कारागारमा रहेका कैदीहरुको के-कस्तो अधिकार रहेको हुन्छ? उल्लेख गर्नुहोस् । [5]
What are the right of the prisoners? Mention.

निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question.)

17. पीडित न्याय प्रणाली भनेको के हो? नेपालमा पीडित न्याय प्रणाली सम्बन्धमा भएको संवैधानिक र कानुनी व्यवस्था बारेमा उल्लेख गर्नुहोस् । [4+6=10]
What is victim's justice system? Describe the constitutional and legal provisions of victim's justice in Nepal?

समाप्त